

शर्म देखि आदरतिर

शर्म देखि आदरतिर (From Shame to Honour!)

उहाँले भन्नुभयो "कुनै मानिसका दुई छोराहरु थिए । कान्छा चाँहिले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पतिको हिस्सा मलाई दिनुहोस् ।' तब तिनले आफ्नो सम्पति तिनीहरूलाई बाँडिदिए ।

धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पति बटुलेर कान्छो छोरो टाढा देशमा गयो र त्यहाँ भोग-विलासमा आफ्नो सम्पति उडायो । उसले सबै रुपियाँ-पैसा खर्च गरिसकेको थियो । त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो र उसलाई अभाव हुन थाल्यो । ऊ गयो र त्यस देशको एक जना नागरिककहाँ उसले काम माग्यो । त्यस मानिसले उसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो । सुँगुरले खाने चारोले उसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले उसलाई केही दिँदैनथ्यो ।

जब उसको चेत खुल्यो उसले भन्यो, मेरा बाबुकहाँ धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाँहि भोकले मरिरहेछु । म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । अब उप्रान्त म तपाईको छोरो भनिन योग्यको छैन । मलाई तपाईका ज्यालादारी चाकरहरूमध्ये एउटा सरह तुल्याउनुहोस् । तब ऊ उठेर आफ्ना बाबुकहाँ गयो ।



तर ऊ धेरै टाढा नै छँदा उसका बाबुले देखे अनि तिनी दयाले भरिएर दौडेर गई उसलाई अँगालो हालेर चुम्बन गरे । छोराले तिनलाई भन्यो, "बुबा मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । म फेरि तपाईको छोरो भनिन योग्यको छैन" । तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, "झट्टै सबै भन्दा असल वस्त्र ल्याएर यसलाई पहिऱ्याइदेओ । यसको हातमा औंठी र खुट्टामा जुत्ता लगाइदेओ र

पुष्टयाइराखेको पशु मार, र खाएर हामी आनन्द मनाऔं । किनकि यो मेरो छोरो मरेको थियो फेरि जीवित भएको छ, हराएको थियो र पाइएको छ । तब तिनीहरू आनन्द मनाउन लागे ।

त्यस बेला तिनको जेठो छोरो खेतमा थियो र ऊ घरको नजीक आइपुग्दा उसले नाचगानको आवाज सुन्यो । उसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाए र 'यो के भइरहेछ' भनेर सोध्यो । त्यस चाकरले उसलाई भन्यो, "तपाईका भाइ आइपुगे र तपाईका पिताले पालिराखेको मोटो पशु मार्नुभयो । किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो ।"

तर जेठो छोरो रिसायो र भित्र जान मानेन । उसको बाबुले बाहिर गएर उसलाई मनाउन लागे । तर उसले बाबुलाई भन्यो, "हेर्नुहोस्, यतिका वर्ष मैले तपाईको सेवा गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्लङ्घन गरिन, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन । तर तपाईको सम्पति वेश्याहरूसँग उडाउने यो तपाईको छोरो आउँदा चाँहि तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो ।'

तब तिनले त्यसलाई भने, 'छोरा, तँ त मसँग सधैंभरि छँदैछस्, अनि मेरो सबै सम्पति तेरै हो । तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो किनकि यो तेरो भाइ मरेको थियो फेरि जीवित भएको छ, हराएको थियो र पाइएको छ ।' (लूका १५:११–३२)



तपाईले भर्खरै पढ्नुभएको कथा, तपाईको लागि र सबै मानिसहरूको लागि परमेश्वरको प्रेम देखाउनका लागि भनिएको कथा हो । हामी लाज-शरममा रहेको र उहाँबाट अलग रहेको परमेश्वर चाहनुहुन्न तर यसको साटो हामी हाम्रा मान-सम्मानमा पुनर्स्थापित हुनसकेका हौं भनी हामीले हाम्रा पापहरूबाट पश्चाताप गरेको र उहाँमा फर्केको उहाँ चाहनुहुन्छ । आदिमा (शुरुमा) परमेश्वरले संसार सृष्टि गर्नुभयो । उहाँले जमीन, समुन्द्र, बोट-विरुवा, पशु-पंक्षी र मानिसहरू सृष्टि गर्नुभयो । उहाँले मानिसलाई परमेश्वरको निमित्त (आधिकारिक) भई यस संसारमाथि शासन गर्ने अधिकार दिनुभयो र आफूले सृजना गरेको

सुन्दर संसारमा परमेश्वर आफ्ना जनहरूसँग वास गर्नुभयो । यसको प्रतिउत्तरमा, परमेश्वर जो हुनुहुन्थ्यो र उहाँले जे गर्नुभयो त्यसको लागि मानिसहरूले उहाँलाई आदर गरे र उहाँको आराधना गरे । परमेश्वरलाई आदर गरियो अनि परमेश्वरको रेखदेखमा कुनै पाप र दोषविना मानिसहरू सुरक्षितसाथ जिए । परमेश्वर र मानिसहरूबीचको सम्बन्ध धेरै राम्रो थियो ।

तर एक दिन यो सबै कुरा परिवर्तन भयो । आफूहरूलाई चाँहिने सबै कुराहरू हुँदाहुँदै पनि अझ धेरै धेरै चीजवीजहरूका लागि मानिसहरू लोभी भए अनि परमेश्वरले विशेष रुपमा नखानु भनेको रुखको फल खाए । परमेश्वरलाई अनादर गर्दै मानिसले परमेश्वरको आज्ञापालन नगरेर पाप गरे । यसले उनीहरूमा शर्म ल्यायो र उनीहरु परमेश्वर बाट साथै परमेश्वरले उनीहरुका लागि बनाउनुभएको सिद्ध भुमिबाट टाढीनु पऱ्यो । मानिसहरूका पापले उनीहरु र परमेश्वरबिचको सम्बन्ध टुटाउनकासाथै अन्य आउँदो पुस्ताका मानिसहरूसँगको सम्बन्ध पनि टुटायो । यसैगरी यसले 'मानिसहरूका लागि एकदम सुहाउँदो (सबै कुराले भरीपूर्ण) वातावरणसँगको सम्बन्ध पनि टुटायो । अब मानिस शान्तिमा जिउन नसक्ने भयो । मानिसका बालबच्चाहरू भएर ती बालबच्चाहरूका पनि बालबच्चाहरू भए । उही परिवारबाट आएका बालबच्चाहरू भएको कारणले यी सबै बालबच्चाहरू पनि दोष र पापको स्वत भागीदार थिए । अझ परमेश्वर आफैले सृजना गर्नुभएका कुराहरू (बोट बिरुवा, जून तारा, खोला अथवा प्राकृतिक वस्तु) जसले मानिसहरूका लागि केही पनि गरेको थिएनन् त्यस्ता चीजहरूलाई पूजा

गरेर र परमेश्वरलाई बिर्से र मानिसले एक मात्र परमेश्वरको अनादर गरे। अब मानिसको जीवन मृत्यु, हिंसा, अपमान, बहिष्कार, रोग, पिडा र कष्ट जस्ता कुराहरुले भरियो। आफ्ना अनादर र पापपूर्ण कार्यहरूले गर्दा आदरयोग्य र पाप रहित परमेश्वरसँग मानिस अलग हुन पुग्यो। **त्यसैले अझै पनि परमेश्वरले आफूले सृजेका मानिसहरूलाई प्रेम गर्नुभयो** र आफ्नो प्रेममा मानिसहरू फर्किउन् भन्ने चाहनुभयो। उहाँको सिद्ध भूमिमा हिस्सेदारी हुँदै मानिसहरू उहाँसँगै बसुन्, र फेरि उहाँको परिवारको हिस्सा होऊन् भनेर परमेश्वर चाहनुहुन्थ्यो।



परमेश्वर आदरयोग्य हुनुहुन्थ्यो तर मानिस आदरयोग्य थिएनन् त्यसो भए यो कसरी सम्भव भयो त ?

शुरुमा जस्तो थियो त्यस्तै फेरी सबै कुराहरु ठीक बनाउने योजना परमेश्वरसँग थियो; तर यसको लागि उहाँले ठूलो मूल्य चुकाउनु पर्दथ्यो । उहाँले आफुले धेरै प्रेम गर्नुहुने उहाँको एक मात्र छोरालाई यस संसारमा मानिसको रुपमा पठाउनुभयो, र उहाँको नाम येशू राख्नुभयो । येशू हरेक प्रकारले पूर्ण र ठीक हुनुहुन्थ्यो अनि येशूले कहिले पनि परमेश्वरलाई अनादर हुने कार्य गर्नुभएन । परमेश्वरको योजना अनुसार मानिसहरूको दोष येशूले लिनुपने थियो र येशूले आफ्ना पिताको आज्ञा मान्नुभयो किनभने आफ्नो मान-सम्मानभन्दा बढी उहाँले मानिसहरूलाई प्रेम गर्नुभयो । येशू परमेश्वरकै बराबरीको (समानको) हुनुभए तापनि उहाँ मानिसहरूसँगै मानिसको रुपमा जिउनुभयो । बिरामीलाई निको बनाउनु, भूतात्माहरूलाई धपाउनु, मरेकाहरूलाई ब्युँताउन र समुन्द्रलाई शान्त पार्नु जस्ता अचम्मका कार्यहरू गर्दै उहाँले परमेश्वरसँगको आफ्नो सम्बन्ध झल्काउनुभयो र मानिसहरुलाई परमेश्वरको बारेमा सिकाउनुभयो । तर धेरै मानिसहरू उहाँप्रति इर्ष्यालु भए र उहाँलाई अचम्मका कार्यहरु गर्नबाट रोक्न खोजे ।

त्यसछि पापी मानिसहरुले उनीहरुका एकदमै शर्मलाग्दो कार्यहरु गरे । धेरै मानिसहरूका अगाडी तिनीहरूले आदरयोग्य र बेकसुर येशूलाई जानाजान नाङ्गै पारे; उहाँलाई थुके, उहाँको गिल्ला गरे,



उहाँलाई पिटे, कोर्रा हाने, सरापे, र मर्नको लागि अपराधीलाई जस्तैगरी क्रुसमा चढाए । मानिसको सम्बन्ध फेरि परमेश्वरसँग गाँसियोस् भनेर परमेश्वरले गर्नुभएको यो एउटा योजना थियो, यसैले येशूले यी कुराहरु हुन दिनुभयो । यी सब नराम्रो व्यवहार मानिसहरुले उहाँलाई गर्दै गर्दा उहाँले यस्ता नराम्रा कार्यहरुलाई रोक्ने कोसिश गर्नुभएन । किनभने उहाँमाथि यति ठूलो दोष लागे र उहाँ मर्नुभएपछि पापपूर्ण (अनादर योग्य) मानिसहरूले यस्तो किसीमको पापको दण्ड (मृत्यु पछि नरकमा) भोग्नु पर्नेछैन भन्ने उहाँलाई थाहा थियो ।

मानिसहरूप्रति उहाँको यति ठूलो प्रेम थियो । कि माानिसहरु आफ्नो पापको लागि अनन्तको सजायको हकदार थिए, तर येशूले मानिसहरूले पाउनुपर्ने सजाय आफूले लिनुभयो । येशू मर्नुभएपछि उहाँको शरीरलाई क्रुस बाट निकालियो र गाडियो । मानिसहरूको पापले गर्दा परमेश्वरको निर्दोष पुत्र मारिनुभयो ।

तर परमेश्वर जसले सबै कुरा सृष्टि गर्नुभयो, उहाँसँग मृत्युसमेत सबै कुरामाथि पूर्ण शक्ति रहेको छ । तीन दिनपछि परमेश्वरले येशूलाई फेरि जीवित पार्नुभयो । अब हुन आउने उहाँको स्वर्गीय राज्यमाथि शासनको अधिकार येशूलाई दिदै, सर्वशक्तिमान परमेश्वरले येशूलाई आफ्नो दाहिने हाततिर राख्नुभएको छ र उहाँको पृथ्वीमा गुमेको मान-सम्मान पुर्नस्थापित गर्नुभएको छ ।

यो एउटा कथा मात्र होइन, तर यो त भैरहने कुराहरुको एउटा तरिका हो । यसले त मैले र तपाईले परमेश्वरलाई अनादर गर्न के गर्‍यौं भन्ने कुराको वर्णन गर्छ । तपाई अनाज्ञाकारी अटेरी र दोषपूर्ण परिवारको एउटा अंग हुनुहुन्छ । तपाईले परमेश्वरलाई अनादर हुने कुराहरू गरेरएक मात्र साँचो परमेश्वरमा शर्म ल्याउनुभयो र पाप गर्नुभयो । सम्भवत तपाईले कुनै कुरा बोल्नुभएको थियो होला अथवा तपाईले कुनै कुरा आफ्नो कब्जामा लिनुभएको थियो होला जुन कुरा तपाईको थिएन, आफ्नो बोलीबचन वा क्रियाकलापले कसैलाई चोट पुर्‍याउनुभयो होला, वा संसार सृर्जना गर्नुहुने परमेश्वरलाई पूजा नगरी अन्य कुनै विषय वा वस्तुलाई गर्नुभयो होला ।

तपाईले यस्ता किसिमका जति नै सानो कुरा गर्नुभएको भए तापनि पाप र दोषको दाग तपाईलाई लागेको हुन्छ । तपाईले पाप गरी परमेश्वरलाई अनादर गर्नुभएको छ । तपाईले तपाईको आफ्नो मान-सम्मान पुनर्स्थापित गर्न सक्नुहुने त्यस्तो कुनै पनि कुरा छैन । तपाईले परमेश्वरलाई जति नै ठूलो पूजा गर्नुभएको भए तापनि, वा परमेश्वरका लागि जति नै असल काम गर्नुभएको भए तापनि, परमेश्वरसँग अलग भएको तपाईको सम्बन्धलाई यस्ता पूजा र असल कामले ठीक गर्न सक्दैन, तपाई परमेश्वरबाट छुट्टिएरै रहनुहुन्छ । आफ्नो धार्मीक गतिविधिले पाप र दोषको यस समस्यालाई हामी कसैले पनि ठीक पार्न सक्दैनौं । तपाई पापको भागीदार हुनुहुन्छ र मरेपछि तपाईले एकदमै ठूलो यातना पाउनुहुनेछ । तपाई आफ्नो पाप र दोषमा नै र हीरहनुहुन्छ, अनि यस जीवनपछि अनन्तसम्म (कहिल्यै नटुङ्गिने गरी) तपाईले यातना पाईनै रहनुहुन्छ । किनभने पापको ज्याला (नतिजा) मृत्यु हो । तपाईका लागि यो एउटा एकदम नराम्रो खबर हो ।

तर एउटा खुसीको समाचार पनि छ ! परमेश्वर आफैले तपाईको समस्या हल गर्नका लागि कार्य गर्नुभएको छ । येशू आफू क्रुसमा मर्नुभई तपाईको अनाज्ञाकारीता र दोषपूर्ण व्यवहारको सजाय येशू स्वंयमले लिइसक्नुभएको छ । यसको मतलब चाँहि 'अब आफ्नो आदरणीय र सिद्ध परमेश्वरसँग तपाई वा मैले सदासर्वदाका लागि मिलाप गर्न सक्छौं' भन्ने हो । यदी तपाई येशूमा र तपाईलाई बचाउनका लागि येशूले गर्नुभएको कुरामा विश्वास गर्नुहुन्छ भने तपाईका पापहरू क्षमा हुनेछन्, तपाईको दोष हट्नेछ र तपाईको मान-

सम्मान पुर्नस्थापित हुनेछ । यो एउटा सुसमाचार हो जसले विश्वास गर्नेहरू सबैमा पुर्नस्थापना, शान्ति र जीवन ल्याउँछ र यो एकदमै ध्रुव सत्य हो । परमेश्वरतिर जाने यो एक मात्र बाटो हो ।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६)

येशूमाथिको विश्वासद्वारा मात्र तपाई आफ्नो पाप र शर्मबाट मुक्त हुन सक्नुहुन्छ, अनि परमेश्वरसँगको शान्ति र अनन्तको जीवन



पाउन सक्नुहुन्छ । आफ्नो सुकर्मले वा कुनै अन्य तरिकाले तपाईले यसलाई कमाउन वा पाउन सक्नुहुन्न । येशूमा र उहाँले गर्नुभएको कार्यमा विश्वास गरेर मात्र यसलाई पाउन सकिन्छ । उहाँमाथि गरीने विश्वास बाहेक परमेश्वरको परिवारमा स्वीकार हुनका लागि अन्य कुनै बाटोहरु छैनन् ।

येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" (यूहन्ना १४:६)

के तपाई आफ्नो दोष र पापबाट मुक्त हुन र परमेश्वरको परिवारको भाग हुन चाहनुहुन्छ ? परमेश्वरको परिवारको एउटा भाग हुन तपाईले पापको पश्चाताप र येशूमा विश्वास गर्नुपर्छ । तपाईले परमेश्वरलाई अनादर गर्ने आफ्नो पाप स्वीकार गर्दै क्षमा मागेर र आफ्नो पाप पूर्ण जिवनबाट फर्किएर पश्चाताप गर्न सक्नुहुन्छ । तपाईको दोष र पाप येशूले आफ्नो क्रुसमा लिनुभयो भन्ने कुरामा भरोसा राखी तपाई उहाँलाई विश्वास गर्न सक्नुहुन्छ । तपाई परमेश्वरको परिवारको एउटा अंग हुनभएकोहोस् भन्ने परमेश्वर चाहनुहुन्छ किनभने तपाईलाई उहाँले सृर्जना गर्नुभएको हो र उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ । उहाँ साँच्चै नै तपाईलाई आफ्नै छोरा वा छोरीको रुपमा अंगाल्न चाहनुहुन्छ र तपाईलाई उहाँको परिवारमा स्वागत गर्नुहुन्छ ।

यदि तपाईले आफू मर्नुभन्दा अघि, पश्चाताप गर्नुभएन र उहाँमा विश्वास गर्नुभएन भने तपाई आफ्नो दोष र पापको दलदलमा नै

रहनुहुनेछ र यो जीवनपछि अनन्तसमयसम्म यातना भोगिरहनु पर्नेछ। यसैले परमेश्वरबाट पाएको निमन्त्रणाको जवाफ तपाईले आज नै दिनु तपाईको लागि महत्वपूर्णको छ किनभने अर्को दिनको लागि पर्खनु निकै नै ढिलो भइसकेको हुनसक्छ।

"जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।" (यूहन्ना ३:३६)

यदी तपाई दोष र पापबाट मुक्त हुन चाहनुहुन्छ र आफ्नो जीवन परमेश्वरको आदर गर्नका लागि उपयोग गर्न चाहनुहुन्छ भने तपाई अहिले नै आफ्ना दोषपूर्ण कार्यहरूका लागि परमेश्वरकोसामने क्षमा माग्नुहोस्। यसो गर्नका लागि तपाईले तपाईको आफ्नै साथीसँग कुरा गरे जसरी परमेश्वरसँग कुरा गर्न सक्नुहुन्छ। परमेश्वरलाई तपाईले देख्न नसक्ने भए तापनि तपाई उहाँसँग कुरा गर्न सक्नुहुन्छ। तपाईले यो पढिसकेपछि अहिले नै यी कुराहरु परमेश्वरलाई भन्नुहोस्।

> परमेश्वर, मैले आफूमाथि र आफ्ना मानिसहरूमाथि पाप गरेको छु र दोष ल्याएको छु। जसको लागि परमेश्वर म क्षमा माग्छु। मैले तपाईलाई ठूलो अनादर गरेको छु। तर अहिले म तपाईका पुत्र येशूले मेरो पाप र दोष लिनुभयो भनि म विश्वास

गर्छु। मेरा पापहरूका लागि मलाई क्षमा दिनुहोस्। कृपया मेरा दोषहरूलाई मबाट टाढा लानुहोस् र तपाईलाई आदर ल्याउने तरिकाले जीवन जिउन मलाई सिकाउनुहोस्। येशूको नाममा, आमिन।

तपाईले परमेश्वरलाई यस्तो भन्नु भएको छ भनेर तपाईको मनसाय पनि साँच्चै नै यस्तै पश्चातापी र उहाँमाथि विश्वास गर्ने छ भने परमेश्वरले तपाईको पाप र दोषलाई लगिसक्नुभएको छ र तपाईलाई पूर्णरुपमा क्षमा दिइसक्नु भएको छ। यस कथामा भएको पिता जत्तिकै परमेश्वर पनि तपाईसँग खुशी हुनुहुन्छ र तपाई उहाँको छोरा छोरी भई जिउन चाहनु भएकोमा उहाँ प्रसन्न हुनुहुन्छ। तपाईलाई आदरणीय स्थानमा पुर्नस्थापना गर्नका लागि उहाँ आनन्दित हुनुहुन्छ।

यदी येशू र येशूले तपाईको लागि के गर्नुभयो भन्ने बारेमा तपाई अझ सिक्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् वा हाम्रो वेभसाइटमा हेर्नुहोस् । तपाईको जिज्ञासा सुन्न हामी धेरै खुशी छौं ।

परमेश्वर भन्नुहुन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन ।"
(रोमी १०:११)

तपाईलाई यो सानो पुस्तिका राम्रो लागेमा अरु कसैलाई पढ्नका लागि दिनुहोस् । ☺

